# भाषा आयोग

(नेपालको संविधानको धारा २८७ अनुसार गठित )

शङ्खमूल, काठमाडौं

पत्र संख्या: २०८१।८२
च.न. 620

मितिः २०८२/०३/२५

## गण्डकी प्रदेश सरकारी कामकाजको भाषा विधेयक २०८१ पारित भएकोमा

## हार्दिक बधाइ र शुभकामना!

नेपालको संविधानको धारा ७ को उपधारा (२) बमोजिम गण्डकी प्रदेश सरकारले भाषा आयोगबाट संविधानको धारा २८७ को उपधारा (६) अनुसार गण्डकी प्रदेशमा सरकारी कामकाजको भाषाको रूपमा कार्यान्वयन गर्न सिफारिस गरिएका मगर तथा गुरूङ भाषालाई सरकारी कामकाजको भाषाको मान्यता प्रदान गर्दै अगाडि बढाएको प्रदेश सरकारी कामकाजको भाषा विधेयक, २०८१ गण्डकी प्रदेश सभाबाट मिति २०८२/०३/२४ गते पारित भएको छ। नेपालको भाषिक सङ्घीयताको कार्यान्वयनमा ऐतिहासिक र प्रशंसनीय कार्य सम्पादन भएकोमा भाषा आयोग, गण्डकी प्रदेश सरकार, प्रदेश सभा, प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सामाजिक विकास मन्त्रालय तथा नेपाल मगर सङ्घ र तमू छ्योजधी गुरूङ राष्ट्रिय परिषदलगायत अन्य भाषिक सङ्घसंस्थाका साथै विज्ञ, विद्वान एवम् सरोकारवालाहरूमा हार्दिक बधाइसहित ऐनको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु।

यसअघि नै बागमती प्रदेशमा प्रदेश भाषा ऐन, २०८१ जारी भई आयोगबाट सिफारिस भएबमोजिम तामाङ र नेपालभाषालाई सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयन गरिएको छ। यसरी गण्डकी प्रदेशमा मगर र गुरूङ भाषालाई सरकारी कामकाजको भाषाको मान्यताप्राप्त भएपछि आयोगबाट ७ वटै प्रदेशमा कुल १२ वटा भाषाहरू सरकारी कामकाजको भाषाका रूपमा सिफारिस गरिएकोमा २ वटा प्रदेशहरूमा दुईदुई वटा भाषाहरू प्रदेश सरकारी कामकाजको भाषाका रूपमा मान्यताप्राप्त भई नेपालको भाषिक इतिहासमा सफलतम अभ्यास सुरु हुन पुगेको छ। साथै अन्य ५ प्रदेशहरूमध्ये कोशी प्रदेश र मधेश प्रदेशमा भाषा विधेयक तयार भई पारित हुने प्रक्रियामा छन् भने लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा पनि प्रदेश सरकारी कामकाजको भाषासम्बन्धी कानुन तर्जुमाको प्रक्रिया अघि बढेको देखिन्छ। भाषिक सङ्घीयताको दृष्टिले नेपालका प्रदेशहरूमा सम्बन्धित प्रदेशमा बहुसङख्यक जनताले बोल्ने एकभन्दा बढी भाषा सरकारी काजकाजको प्रयोगमा आउनु अत्यन्त सुखद पक्ष हो।

गण्डकी प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८१ मा प्रदेशअन्तर्गतका स्थानीय तहहरूमा बहुसङ्ख्यक जनताले बोल्ने भाषालाई सरकारी कामकाजको भाषा प्रयोगमा ल्याउने सकिने, प्रदेश र स्थानीय सरकारले लोपोन्मुख भाषाहरूको संरक्षण र संवर्धन गर्नुपर्ने तथा प्रदेश र स्थानीय तहका सरकारहरूबाट भाषासम्बन्धी कार्यक्रम र बजेटको व्यवस्था समेत गर्नुपर्ने जस्ता कानुनी प्रबन्ध गरिएको हुँदा यसबाट ठोस उपलब्धि भई बहुभाषिकताको माध्यमबाट जनताले सेवा पाउने देखिन्छ। साथै यसको लाभांश प्रदेशबासीले प्राप्त गर्ने कुरामा आयोग पूर्ण विश्वस्त छ। पुनः गण्डकी प्रदेशबासीमा यस सुखद क्षणमा हार्दिक आभार र कृतज्ञतासहित पारित गण्डकी प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८१ को सफल कार्यान्वयनको शुभेच्छा प्रकट गर्दछु।

डॉ. गोपाल ठाकुर
अध्यक्ष